"स्वच्छ, सुन्दर, र समुन्नत शहर, मधेशको शान लालबन्दी नगर"

# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही
मधेश प्रदेश, नेपाल

फोन नं.- ०४६५०११००
०४६५०१४४४
Email:maillalbandi@gmail.com
Web: lalbandimun.gov.np

मिति : २०८१/०५/२७

## घर जग्गा बहाल कर बुझाउने सम्बन्धी सूचना।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ५७ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था भए बमोजिम तथा लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ३, अनुसुचि (२) सँग सम्बन्धित घर जग्गा बहाल रकमको **१०(दश)% घर जग्गा बहाल कर** लागु गरी नगर क्षेत्रको सम्पूर्ण स्थानको न्यूनतम वहाल दररेट समेत कायम गरेको छ। यस नगरपालिकाबाट पटक-पटक घर जग्गा वहाल कर बुझाउनु हुन भनि घरधनीहरुलाई सूचना प्रकाशन गर्दा समेत अधिकांश घरधनीहरुले बहाल कर बुझाउन नआउनु भएको हुँदा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित लालबन्दी नगरपालिकाको राजश्व शाखामा आई घर जग्गा बहाल कर बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिल :</u>

क) करदाताको नागरिकताको प्रतिलिपी, संस्थागत करदाता भए दर्ता प्रमाणपत्र तथा मुख्य व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १

ख) बहाल सम्झौताको प्रतिलिपिहरु - १

ग) घर जग्गाको स्वामित्व देखाउने कागजातको प्रतिलिपिहरु १ (ऐलानी जग्गाको हकमा आवश्यक छैन)

घ) बहालमा वस्ने व्यक्तिको नागरिकाको प्रमाणपत्रको प्रतिलिपि वा संस्था भए संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि - १

(<u>पुनश्च :</u> बहाल सम्झौतामा अर्को व्यवस्था भएकोमा बाहेक बहाल कर तिर्ने दायित्व घर/जग्गा धनीको हुनेछ।)

गोपाल बहादुर थापा
अधिकृत छैठौं

प्रमुख प्रशासकीय अधिकृत